एकाई-८

पाठ÷१

अभ्यास,

१. नेपालको संविधानको प्रारम्भिक खण्डमा दिइएका विषयवस्तु अध्ययन गरी कक्षामा छलफल गर्नुहोस्।

> नेपालको संविधान प्रारम्भिक खण्ड प्रस्तावनाको भाग हो। यो भागमा संविधानको मूल भुत पक्ष तथा विशेषताहरुको उल्लेख हुन्छ। नेपालको संविधान २०७२ को प्रारम्भिक खण्डमा उल्लेख भएका मूलभुत पक्षको सूची यस प्रकार छन्:-

- प्रस्तावनाको प्रारम्भमा नै हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता भन्ने उल्लेख छ
- नेपालको स्वतन्त्रता, स्वाधिनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाभिमानलाई अक्षुण्ण राख्ने।
- नेपाली जनताको जनआन्दोलनबाट प्राप्त।
- बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश।
- राज्यको पुन:संरचना गरी संघ, प्रदेश र स्थानीय स्तरका स्वायत्त सरकारहरुको व्यवस्था गरिएको।
- समानुपातिक, समावेशी, सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाजको सिर्जना गर्न लागिएको।
- नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारको सुनिश्चितता गरिएको।
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका।
- दलित, ज्येष्ठ नागरिक जस्ता हकहरुको व्यवस्था गरिएको।

पाठ-२

अभ्यास

१) संविधानका कानुनी विशेषताहरूले प्रत्येक नागरिकलाई कसरी कानुनी राज्यको अनुभूति गराउन सक्छन्, उदाहरण दिएर प्रस्ट पार्नुहोस्।

→ देशमा कानुनी राज्य भए नभएको परीक्षण गर्ने केही आधारहरू निम्न छन्:-

i) स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका,
ii) मौलिक हक र मानव अधिकार,
iii) शक्ति पृथकीकरण र सन्तुलन,
iv) जवाफदेहिता,
v) सरकारको सीमित भूमिका र अभिभावकत्व,
vi) सुशासन आदि।

नेपालमा कानुनी विशेषतामा कानुनी शासनको प्रत्याभूति गरिएको छ। देशमा प्रचलित कानुनको अधीनमा रही सरकारका सबै निकायहरूले काम गर्छन्। कानुन भन्दा बाहिर गई काम गरेमा सो कर्मचारी वा निकायले कानुनमा तोकिएको दण्ड सजाय पाउँछ। नेपालमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बिच शक्तिको बाँडफाँड गरिएको छ। साथै यी अङ्गहरू बिच सन्तुलन र नियन्त्रण गरिएको छ। देशमा कानुन बनाउने अधिकार संसद्लाई मात्र छ। संसदीय कानुन अनुसार कार्यपालिकाले देशको शासन चलाउँछ। सो कानुन नमानेमा न्यायपालिकाले कानुन बमोजिमको दण्ड सजाय गर्छ। संविधानमा नै नागरिकलाई मौलिक हक एवम् मानव अधिकारको व्यवस्था गरिएको छ। मौलिक हक हनन हुन गएमा संविधानले दिएको संवैधानिक उपचारको हक प्रयोग गरी अदालतबाट आफ्नो हक प्राप्त गर्न पाइन्छ।

संविधानको प्रस्तावनामा नै कानुनी राज्यको अवधारणा उल्लेख गरिएको छ। सुशासनको प्रत्याभूति भएकोले कार्यपालिका, व्यवस्थापिकाले न्यायपालिकाको काममा प्रभाव पार्न सक्दैनन्। न्यायाधीशहरूले न्याय सम्पादन गरेको कार्यमा प्रश्न उठाउन पाइँदैन। संसद्लाई सरकारको कामप्रति प्रश्न गर्ने अधिकार छ। सरकारले न्याय-सङ्गत प्रचलित कानुनको अधीनमा रही काम गर्नुपर्छ। संसद्ले चित्त नबुझे अविश्वासको प्रस्ताव पारित गरी सरकारलाई बर्खास्त गर्न सक्छ। स्थानीय स्तरमा कानुनी राज्यको प्रत्याभूति दिन न्यायिक समितिको व्यवस्था गरिएको छ। सर्वोच्च अदालतलाई कानुनको व्याख्या गर्ने अन्तिम अधिकार छ। सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था रहेकोले नेपाली नागरिकलाई कानुनी राज्यको अनुभूति गराउन सकिन्छ।

अतः संविधानका कानुनी विशेषताहरूले प्रत्येक नागरिकलाई कानुनी राज्यको अनुभूति:- समानता, न्यायको अधिकार, मूलभूत अधिकार, समता, मौलिक अधिकार, न्यायिक प्रणाली, सामाजिक न्याय, प्रशासनिक पारदर्शिता आदि ~~आ~~ ले अवलम्बन गरेर गराउँछन्।

---

२) नेपालको आर्थिक विकासमा संविधानको भूमिकाको विषयमा एक लेख तयार पा[र्नुहोस्]।

→ नेपालको आर्थिक विकासमा संविधानको भूमिका अत्यन्त महत्वपूर्ण छ। संविधान कुनै पनि देशको मूल कानुनी दस्तावेज हो, जसले देशको समग्र आर्थिक गतिविधिलाई निर्देशित गर्दछ। नेपालको संविधानले आर्थिक समृद्धि हासिल गर्न आवश्यक नीतिगत मार्गनिर्देशन, स्रोतको वितरण, र समानताको सिद्धान्तमा आधारित संरचना निर्माण गरेको छ।

अर्थात सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालन द्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यले आर्थिक उद्देश्य तोकिएको छ। संविधानमा नै रोजगारीको हकलाई मौलिक हकको रूपमा राखिएको छ। यसबाट भविष्यमा देशबाट बेरोजगारी अन्त्य हुने आशा राख्न सकिन्छ। विकास निर्माणका कामबाट देशमा व्यापार व्यवसाय बढ्छ र रोजगारीको सिर्जना हुन्छ। जनतालाई सेवा सुविधा दिन सेवामूलक संस्थाहरू मार्फत अत्यावश्यक सेवा सरकारले सञ्चालन गर्छ।

नेपाललाई समृद्ध बनाउन तीन खम्बे अर्थ नीतिको मोडेल छनौट गरेको [छ।] संविधानले अर्थतन्त्र विकास र सुदृढीकरणका लागि अर्थतन्त्रका तीन पाटा स[...]

४. वर्तमान नेपालको संविधानका राजनीतिक विशेषताहरु उल्लेख गर्नुहोस्।

→ वर्तमान नेपालको संविधानका राजनीतिक विशेषताहरु :-

- राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको व्यवस्था,
- केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहमा राज्यशक्तिको बाँडफाँड,
- राष्ट्रपति र उपराष्ट्रपति रहने गणतान्त्रिक व्यवस्था,
- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बिचमा शक्ति सन्तुलन एवम् नियन्त्रणको व्यवस्था,
- बहुदलीय प्रतिस्पर्धा र बालिग मताधिकारको प्रत्याभूति,
- राजनीतिक दल सम्बन्धी व्यवस्था। आवधिक निर्वाचनको प्रावधान।
- सङ्घीय प्रशासन व्यवस्था,
- देशको सदनात्मक सङ्घीय संसदको व्यवस्था,
- राष्ट्रिय राजनीतिमा महिला सहभागिता र लैङ्गिक समानता स्थापित गर्न राष्ट्रपति /उपराष्ट्रपति, सभामुख /उपसभामुख, अध्यक्ष /उपाध्यक्ष, नगरपालिका प्रमुख / उपप्रमुख एक जना फरक लिङ्गको हुनुपर्ने व्यवस्था,
- नेपालको संविधानको अनुसूची-५ मा संघका ३५ वटा अधिकार क्षेत्र, अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारक्षेत्र निर्धारण गरिएको।
- मुलुकको कार्यकारिणी अधिकार मन्त्रिपरिषद् निहित गरी विगतमा जस्तो शासकीय सनकमा आधारित राजनीतिक अस्थिरतालाई रोक्ने प्रयास गरिएको आदि।

---

## पाठ-३ नेपालमा निर्वाचन प्रणाली

अभ्यास,

१) पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिको वर्णन गर्नुहोस्

→ पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिअनुसार सदर मतको पूर्ण बहुमत नभए पनि अरुभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छन्। यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा लागु हुन्छ। नेपालको प्रतिनिधि सभा २ सय ७५ सिटको हुन्छ। त्यसको १ सय ६५ स्थानको र प्रदेश संसदका लागि कुल सदस्यको ६० प्रतिशत स्थानको चुनाव यसै पद्धतिबाट गरिन्छ। साथै स्थानीय तहको निर्वाचन पनि यसै निर्वाचन प्रणालीबाट निर्वाचन गरिन्छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा मतदाता र उम्मेदवार सँगसँगै रहन्छन्। उम्मेदवारले मतदाताको मन जितेर मात्र मत लिन सक्छन्। जितेको प्रतिनिधि मतदातासँग प्रत्यक्ष उत्तरदायी र जवाफदेही रहन्छ। मतदाता आफ्नो प्रतिनिधि छनोट गर्न स्वतन्त्र हुन्छन्। यस पद्धतिले मतदाताको चेतना र विश्लेषण गर्ने राजनीतिक क्षमता बढाउन सहयोग पुर्याउँछ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धतिका विशेषताहरु यसप्रकारका छन्-

- मतदान एवम् मतगणना गर्न सजिलो र सरल,
- उम्मेदवार र मतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध रहने,
- बहुमत ल्याएपछि सरकार चलाउन वैधानिकता प्राप्त हुने,
- स्वतन्त्र उम्मेदवारले पनि निर्वाचनमा भाग लिन पाउने,
- क्षेत्रीय र स्थानीय राजनीतिक दलहरुले पनि शासन सत्तामा सहभागी हुनसक्ने
- एउटा दलले बहुमत ल्याएपछि स्थिर सरकार बन्नसक्ने।

---

२.) समानुपातिक निर्वाचन पद्धतिका विशेषताहरु उल्लेख गर्नुहोस्।

→ सम्पूर्ण देशलाई नै एक निर्वाचन क्षेत्र मानी राजनीतिक दलहरुले पाएको मत प्रतिशतको अनुपातमा सदस्यहरु विजयी घोषणा गर्ने र सोही बमोजिम शासन सञ्चालनमा राजनीतिक दलहरुको सहभागिता रहने शासन पद्धतिनै समानुपातिक प्रतिनिधिको सिद्धान्त विकास भएको हो।

समानुपातिक निर्वाचन पद्धतिको निम्नलिखित विशेषताहरु रहेका छन्:-

- सम्पुर्ण देश वा प्रदेशलाई नै एक निर्वाचन क्षेत्र मानिन्छ,
- बहुसदस्यीय निर्वाचनक्षेत्र हुनुपर्छ,
- उम्मेदवारहरुलाई निर्वाचित हुनको लागि निर्धारित कोटा अनुसारको मत प्राप्त गर्नुपर्छ। इजराइलमा प्रतिनिधित्व प्राप्त गर्न १.५ प्रतिशत, जर्मनीमा १० प्रतिशत मत प्राप्त गर्नुपर्ने गरी व्यवस्था राखिएको छ। नेपालमा सङ्घीय प्रतिनिधि सभामा प्रतिनिधित्व गर्नका लागि ३ प्रतिशत र प्रदेशसभामा प्रतिनिधित्व १.५ प्रतिशतको थ्रेसहोल्ड राखिएको छ,

- लक्षित वर्ग र समुदायको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्दछ। यसले विविधताको व्यवस्थापनमा सघाउँछ,
- मतदाताको मत खेर नजाने, सबै मतको उचित मूल्याङ्कन हुने,
- निर्वाचित प्रतिनिधिमा निर्वाचन क्षेत्रगत भावना हटी राष्ट्रिय भावनाको विकास हुन्छ,
- सरल निर्वाचन प्रणाली,
- चुनाव जित्न गरिने अनियमितता, धाँधली र पैसा खर्च गर्ने प्रवृति निरुत्साहित हुन्छ,
- अल्पमतको उचित प्रतिनिधित्व गराउँछ,
- व्यक्तिगत खर्च नहुने,
- व्यवस्थापन सरल हुन्छ,
- उपनिर्वाचनको आवश्यकता नहुने भएकोले मितव्ययी प्रणाली,
- द्वन्द्व व्यवस्थापन गर्न सजिलो हुने।

---

३०) पहिलो हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबिचको समानता र भिन्नता छुट्याउनुहोस्।

→ पहिलो हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबिचको समानता यस प्रकार रहेका छन्:-

- यी दुवै निर्वाचन प्रणालीका विधिहरू हुन्;
- यी दुवै निर्वाचन प्रणालीमा सहभागी हुन १८ वर्ष उमेर पुगेको र नेपाली नागरिक हुनुपर्दछ,
- यी निर्वाचन प्रणालीले आम निर्वाचनमा दिइएका मतहरूलाई दल र उम्मेदवारहरूले जितेका स्थानमा रूपान्तरण गर्दछ,
- यी दुवै सरल र सजिलै बुझ्न सकिने निर्वाचन प्रणाली हुन्।

पहिलो हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबिचको भिन्नता यसप्रकार रहेका छन्:-

| क्र.सं. | पहिलो हुने निर्वाचन प्रणाली | समानुपातिक निर्वाचन प्रणाली |
|---|---|---|
| १ | अल्पसंख्यकको प्रतिनिधित्व | अल्पसंख्यक दलहरूलाई समावेश नगर्ने |
| २) | थोरै मत खेर जाने, | खेर जाने मतहरूको संख्या बढी हुने, |
| ३) | निर्वाचन क्षेत्र सीमा छुट्याउन आवश्यक नभएको, | ~~खेर जाने~~ निर्वाचन क्षेत्र सीमा निर्धारण गर्नुपर्ने, |
| ४) | उपनिर्वाचन गर्ने आवश्यकता नभएको, | प्रायः उपनिर्वाचनको आवश्यकता पर्ने, |
| ५) | कमजोर भौगोलिक प्रतिनिधित्व, | सबल भौगोलिक प्रतिनिधित्व, |
| ६) | जवाफदेहिताको विवाद, | जवाफदेहिता कार्यान्वयन गर्न सहज बनाउने, |
| ७) | संसदीय प्रणालीमा गठबन्धन वा अल्पमतको सरकारको सम्भावना, | संसदीय प्रणालीमा बहुमतको सरकार गठन हुने बढी संभावना, |
| ८) | राष्ट्रपतीय प्रणालीमा राष्ट्रपतिको लागि कमजोर व्यवस्थापकीय समर्थन हुने सम्भावना। | राष्ट्रपतीय प्रणालीमा राष्ट्रपतिको लागि दह्रो व्यवस्थापकीय समर्थन प्राप्त हुने बढी सम्भावना। |

४. प्रवासमा बसेका नेपालीले पनि मतदानमा भाग लिन पाउनुपर्दछ भन्ने माग बढ्दै गएको छ। यसका लागि के के गर्नुपर्ला, आफ्ना विचारहरू लेख्नुहोस्।

→ नेपाली जो जहाँ गएर बसे पनि मतदान गर्न पाउनु उसको नैसर्गिक अधिकार हो। निर्वाचनमा मतदान गर्न पाउने अधिकार नागरिकको आधारभूत मानव अधिकार तथा संवैधानिक अधिकार समेत भएको तथा निर्वाचनमा सबै नागरिकको समान अवसरसहित वास्तविक भावना र इच्छा समेतलाई प्रतिनिधित्व गर्नको लागि वैदेशिक रोजगारीमा रहेका नागरिकहरूलाई मुलुक बाहिरबाट सबै तहको निर्वाचनमा मतदान गर्ने अवसर प्रदान गर्नुपर्दछ।

विदेशमा रहेका नागरिकले पठाएको पैसाबाट राज्यले फाइदा लिने तर तिनै नागरिक मुलुकबाहिर रहेका कारण मतदानको अधिकारबाट वञ्चित गर्नु न्यायको दृष्टिकोणले उपयुक्त हुँदैन। केही विकसित राष्ट्रले विदेशमा बस्ने आफ्ना नागरिकलाई धेरै पहिलेदेखि यो अधिकार दिलाएका छन्। लोकतन्त्रमा हरेक नागरिकले मतदान गर्न पाउनु उसको अधिकार हो। नागरिकका परिभाषा बेग्लाबेग्लै हुन सक्दैनन्। विदेशमा रहेका सामान्य घरेलु कामदारदेखि उच्च कूटनीतिज्ञसम्मको मतदान अधिकार रहन्छ/रहँदैन हो।

मतदान कसरी गर्ने भन्ने विषय पनि चुनौतिपूर्ण छ। सम्बन्धित देशमा भएका सबै नेपाली एकैठाउँमा भेला भएर मतदान गर्न सम्भव छैन। सम्बन्धित देशको नेपाली कुटनीतिक नियोगमा आउन सम्भव हुन कि नहुने। ठाउँठाउँमा मतदानको व्यवस्था सम्भव हुन्छ कि छैन। ठाउँठाउँमा व्यवस्था गर्दा हुने खर्च कसरी व्यवस्थापन गर्ने। यसको अधिकारको उपयोग सहज भएपनि व्यवहारमा निकै कठिन देखिन्छ। सम्बन्धित देशमा मतपत्र कसरी पुऱ्याउने, वितरण कसरी गर्ने समयावधिभित्र मतपत्र पुऱ्याउन सक्नुपर्नेछ। यो विषय आयोगका लागि मात्र नभई कुटनीतिक नियोगका लागि पनि प्रश्नसूचक छ। मतदानका लागि सम्बन्धित देशका स्थानीय सरकारसँग सहमति लिएर समन्वय कसरी गर्ने। प्रजातान्त्रिक मुलुकमा सहज होला, प्रजातान्त्रिक अभ्यास नभएका मुलुकले हाम्रो निर्वाचन पद्धति र प्रणालीलाई कसरी सहज रूपमा लेलान-यस बारे गम्भीर बहस जरुरी छ।

यी यावत समस्याहरूको समाधानका लागि एउटा विज्ञ समूह बनाएर यसको अध्ययन अनुसन्धान गर्नु उचित हुन्छ। त्यसो त तत्काल निर्वाचनको सम्भावना नभएकाले हामीसँग पर्याप्त समय हुने नै भयो। तर यसबारे अध्ययन अनुसन्धानमा ढिलाइ नगरी अभ्यास गरिसकेका मुलुकमा गएर यसबारे गम्भीर अध्ययन गर्नु आवश्यक छ।

अन्त्यमा, प्रवासमा बसेका नेपालीले पनि मतदानमा भाग लिन पाउँदा उनीहरूलाई मातृभूमिप्रतिको माया मात्र नभई अपनत्वसमेत बढ्छ। त्यसैले यसकालागि तत्कालै केही पहलकदमी चाल्न आवश्यक छ।

---

पाठ : ४

# राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सुरक्षा

अभ्यास,

१) राष्ट्रिय सुरक्षाको परिचय दिनुहोस्।

→ राष्ट्रिय सुरक्षा भन्नाले कुनै राष्ट्रको सार्वभौमिकता, अखण्डता, स्वाधिनता र नागरिकहरूको सुरक्षालाई सुनिश्चीत गर्ने निति तथा प्रणाली हो। अर्थात, देशको सार्वभौमिकता, स्वाधिनता र भौगोलिकता, भौगोलिक अखण्डताको रक्षा नागरिकको जिउधन, सम्पत्ति सुरक्षा तथा सबै प्रकारका डर, त्रासबाट धम्की वा त्रासबाट सुरक्षित हुने कार्यलाई राष्ट्रिय सुरक्षा भनिन्छ।

देशमाथि बाह्य आक्रमण, देशभित्र राजनीतिक, प्रशासनिक वा देशको शान्ति एवम् स्थिरतामा बाधा पुऱ्याउने, आतङ्कवादी गतिविधि सञ्चालित हुने जसबाट नागरिकको जिउधन तथा सुरक्षामा खतरा उत्पन्न हुन आदिका राष्ट्रिय सुरक्षासँग सम्बन्धित छन्। देश र देशका जनता सुरक्षा नै राष्ट्रिय सुरक्षा हो। राष्ट्रिय सुरक्षा भन्नाले देशको सबै प्रकारका डर, त्रास र धम्किबाट सुरक्षित राख्ने कार्य हो। सरकारले आफूमा निहित राजनीतिक, आर्थिक, सैनिक, शक्ति र कुटनीतिको माध्यमबाट राष्ट्रिय सुरक्षा कायम गरेको छ।

२) राष्ट्रियता प्रवर्धन गर्ने उपायहरूको सूचि बनाउनुहोस्।

→ सर्वप्रथम राष्ट्रियता प्रवर्धन भनेको राष्ट्रप्रति प्रेम, एकता, सार्वभौमिकता र स्वाभिमानको भावना अभिवृद्धि गर्नु हो। यसअन्तर्गत नागरिकहरूलाई आफ्नो देशको भाषा, संस्कृति, परम्परा, धर्म, भेषभूषा, तथा राष्ट्रिय सम्पत्तिहरूप्रति गर्व गर्न अभिप्रेरित गरिन्छ,

राष्ट्रियता प्रवर्धन गर्ने केही उपायहरू यसप्रकार छन्:-

१) देशप्रति भक्ति भावना जगाउने कार्यक्रम सञ्चालन,
२) देशभक्ति, राष्ट्रप्रेम, राष्ट्रियता सम्बन्धी पाठहरू विद्यालयको पाठ्यक्रममा समावेश गर्ने,
३) स्वदेशी उत्पादनलाई महत्व दिने,
४) आफ्नो कला संस्कृतिको संरक्षण एवं संवर्धन गर्ने,
५) राष्ट्रिय महत्वका सम्पदा, संस्कृति, तथा स्थानहरूको संरक्षण एवं सम्वर्धनमा सहयोग गर्ने।
६) विदेशमा सिकेका सिप र प्रविधिलाई स्वदेशमा प्रयोग गर्ने,